स्थानीय सरकार

# मायादेवी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

बरेवा, रुपन्देही

लुम्बिनी प्रदेश, नेपाल।

पत्र संख्या:-०८१/८२
चलानी नम्बर:-

## अटो तथा विद्युतिय रिक्सा जस्ता तीन पाङ्ग्रे सवारीसाधन दर्ता सम्बन्धी सूचना ।

प्रकाशित मिति: २०८१/११/१९

मायादेवी गाउँपालिकाको क्षेत्रभित्र सञ्चालन हुने अटो तथा ई- रिक्साहरुलाई अनुमिति तथा रुट इजाजत प्रदान गर्ने प्रयोजनका लागि मायादेवी गाउँपालिकाको तीनपाङ्ग्रे सवारी साधन सञ्चालन, व्यवस्थापन तथा नियमन सम्बन्धी कार्यविधि, २०८१ को दफा ३ बमोजिम दर्ता प्रकृया तथा दफा ६ बमोजिम गाउँपलिका क्षेत्रभित्र सञ्चालनको अनुमती तथा रुट ईजाजतका लागि यो सूचा प्रकाशन भएको मितिले २१ दिन भित्र निम्न कागजात सहित निवेदन पेश गर्न यो सूचना प्रकाशित गरिएको छ।

**पेश गर्नुपर्ने कागजातहरु**

- तोकिएको ढाँचाको निवेदन (निवेदन फारम रु. १००/- तिरी कार्यालयबाट प्राप्त हुनेछ) ।
- नेपाली नागरीकताको प्रतिलिपि र पासपोर्ट साइजको हालसालै खिचेको फोटो३ प्रति ।
- मायादेवी गाउँपालिका भित्र स्थायी बासोबास खुल्ने कागजात वा बसोबास प्रमाणीत निस्सा( अस्थायी बसोबासको हकमा सम्बन्धित घरधनीले वडामार्फत गरेको सनाखत कागज सहित घरधनीको नागरिकता, जग्गाधनि पुर्जाको प्रतिलिपि समावेश हुनुपर्नेछ) ।
- सम्बन्धित वडा कार्यालयबाट जारी भएको दर्ता सिफारीसको पत्र ।
- सवारी साधनको नवीकरण सहितको ब्लुबुक, बीमा र सवारी चालक अनुमतिपत्रको प्रतिलिपि ।
- सवारीको चेसिस नम्बर देखिने गरी खिचिएको रङ्गिन तश्वीर १ प्रति ।
- सवारीसाधन खरिदको बील बिजक वा व्यक्ति संग खरिद गरेको भए खरिदबिक्रिको कागज ।
- नामारी नभएका ब्लुबुकको हकमा एक महिना भित्र नामसारी सहितको ब्लुबुक पेश गर्ने व्यहोराको कबुलियतनामा पेश गर्नुपर्नेछ।

**दर्ता सम्बन्धी मापदण्ड**

- यातायात व्यवस्था कार्यालयमा मिति २०८१/११/१८ गते भित्र दर्ता भएका सवारी साधनलाई मात्र दर्ता प्रकृयामा समावेश गरिनेछ।
- प्राविधिक खराबी भएका,पुराना,थोत्रा, प्रदुषण मापदण्ड भित्र नपर्ने तथा च्यासिम नम्बर नम्बर स्पस्ट नभएका, प्राविधिक जाँचपास हुन नसक्ने, प्रचार सामाग्री राखिएका रिक्सालाई दर्ता प्रकृयामा सहभागी गराईने छैन ।
- गाउँपालिकाले प्राथमिकताको आधारमा सवारी साधनको दर्ता तथा रुट अनुमति प्रदान गर्नेछ। जसअनुसार पहीलो प्राथमिकता स्थानीय स्वरोजगारी र तत्पश्चात व्यवसायी/ सवारीधनीलाई प्रदान गरिनेछ।
- रितपूर्वक पेश नभएका निवेदनहरुलाई दर्ता गर्न कार्यालय बाध्य हुने छैन ।
- दर्ता तथा रुट इजाजत दस्तुर सम्बन्धी व्यव्था गाउपालिकाको आर्थिक ऐनमा तोकिए बमोजिम हुनेछ।
- थप जानकारीको लागि कार्यालयको व्यवसाय प्रवर्धन शाखामा सम्पर्क गर्न सकिने छ ।

२०८१/११/१९

लेखनाथ पोखरेल
प्रमुख प्रशासकीय अधिकृत

लेखनाथ पोखरेल
प्रमुख प्रशासकीय अधिकृत